# आर्थिक वर्ष २०८०/०८१ को

# बजेट

## वक्तव्य

**गंगादेव गाउँपालिका**

**रोल्पा जिल्ला**

**लुम्बिनी प्रदेश नेपाल**

गाउँ सभामा पेशः मिति २०८० असार २४ गते

अमृता कुमारी के.सी.

गाउँपालिका उपाध्यक्ष

१४ औं गाउँसभा अध्यक्षज्यू

तथा सभाका सदस्यज्यूहरु

नेपालको संविधान धारा २३०, स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ अनुसार गंगादेव गाउँपालिका १४ औ गाउँ सभा उपाध्यक्ष को जिम्मेवारी अनसुार म अमृता कुमारी के.सी आर्थिक वर्ष २०८०।०८१ को वार्षिक बजेट पेश गर्ने अनुमति चाहन्छु ।

आज गंगादेव गाउँपालिका, रोल्पाको गरिमामय १४ औ गाउँसभाको अवसरमा गाउँपालिकाको आगामी आर्थिक वर्ष २०८०/०८१ को वार्षिक बजेट तथा कार्यक्रम सार्वजनिक गर्न पाउँदा म निकै नै हर्षित छु। यस ऐतिहासिक अवसरमा सभाको अध्यक्षता गरी रहनुभएका गाउँपालिका अध्यक्षज्यू, सभाका सम्पूर्ण सदस्यज्यूहरु, प्रमुख प्रशासकीय अधिकृतज्यू लगायत उपस्थित सम्पूर्णमा हार्दिक अभिवादन गर्न चाहन्छु ।

१४ औ गाउँ सभा आगामी आर्थिक वर्ष २०८०।०८१ को बजेट पेश गर्दा संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनाको लागी जनआन्दोलन, लगाएत विभिन्न आन्दोलनहरुमा आफ्नो जिवनको आहुती दिने सवै ज्ञात अज्ञात शहितहरु प्रति हार्दिक श्रद्धासुमन प्रकट गर्दछु। साथै व्यपत्ता घाइते अपाङ्ग योद्धाहरुले देशमा अग्रगामी परिवर्तनको लागि गरेको योगदान प्रति उच्च सम्मान प्रकट गदिछु । नेपाली समाजमा राजनैतिक सामाजिक सांष्कृतिक रुपान्तरणका लागि नेतृत्वदायी भुमिका निर्वाह गर्ने अग्रज राजनैतिक नेतृत्व र न्यायपुर्ण समाज. समृद्धिको मार्गमा एकता बद्ध रहेका सम्पुर्ण गाउँवासीहरु प्रति हार्दिक आभार प्रकट गर्दछु।

नेपालमा परिवर्तनका लागि भएका ठुला ठुला जनयुद्ध जनआन्दोलन पश्चात राजनैतिक परिवर्तनबाट प्राप्त उपलब्धीलाई संस्थागत विकास गर्दै, विकास र सेवा जनताको घर दैलोमा पुर्याउने नजिकको सरकार भएको महसुस गरेको छु । संघियताको सफल कार्यान्वयन नै सुशासन विकास र गरिवी निवारण यस गाउँपालिका बासीको आर्थिक समृद्धि सामाजिक न्याय समावेशिता तथा समाजबाद उन्मुख गाउँपालिका र समृद्धि गंगादेव निर्माणमा आगामी बजेट लक्षित रहेको व्यहोरा सम्मानित गाउँ सभा समक्ष राख्न चाहान्छ।

सभा अध्यक्ष महोदय,

विश्वको अर्थतन्त्र नेपालको आर्थिक अवस्थामा देखा परको समस्या र गंगादेव गाउँपालिकाको आन्तरिक अर्थतन्त्रमा उत्पन्न शिथिलता संगै स्थानीय अर्थतन्त्रमा पनि चाप परेको छ। चा.लु. आवमा संघ र प्रदेशबाट प्राप्त हुने अनुदान राजश्व बाँडफाँड भई प्राप्त हुने राजश्वमा आएको संकुचन सँगै स्थानीय

सरकारलाई लक्ष्य अनुरुप राजश्व संकलन हुन नसक्दा बजेट कार्यान्वयनमा थप चुनौती र वित्त संकलनमा चाप परेको अवस्था छ।

संघियता कार्यान्वयन पछि दोस्रो कार्यकालको निर्वाचित जनप्रतिनिधी आज दोस्रो वर्षको बजेट र गाउँवासीको सुन्दर मार्ग निर्माण गर्ने र गंगादेव गाउँवासीको दैनिक जीवन सँग जोडिने बजेट बनाउने सवै प्रयत्न हाम्रो प्रमुख कर्तव्य ठानेको छु। सामाजिक तथा पुर्वाधार विकासका लागि संघ प्रदेश र स्थानीय सरकारको सहकार्य मार्फत थप कृयाशिल जुझारु हुदै गुणात्मक, परिमाणात्मक विकास गर्नु साथै यस गाउँपालिकाको सुविधा सम्पन्न प्रशासकिय भवन निर्माण गरी आम जनतालाई सेवा दिनुपर्ने आवश्यकता बोध गरेको छु।

राष्ट्रिय अर्थतन्त्र चालु आवमा भएको संकुचन परिणाम अनुरुप स्थानीय तहको राजश्व तथा स्रोत परिचालनमा आएको गिरावटले निर्धारित लक्ष्य प्रगति हाँसिल गर्न चुनौती देखा परेको छ। उक्त चुनौतीको सामना गर्दै स्थानीय तहको सार्वजनिक सेवा प्रवाह सुशासनको प्रत्याभुती गाउँ वासीको विकासको आकाङ्क्षा पुरा गर्न अर्थतन्त्रलाई समाजबाद उन्मुख, सामाजिक न्यायमा आधारित सवावेशी समाजको निर्माणका साथै उच्च आर्थिक वृद्धि हासिल गर्न यो बजेट केन्द्रित रहेको सम्मानित सभा समक्ष जानकारी गराउन चाहान्छु।

सभाध्यक्ष महोदय र सभा सदस्यज्यूहरु

आगामी आर्थिक वर्ष २०८०/०८१ को बजेट तर्जुमा गर्दा संविधानले परिकल्पना गरेका आत्मिनिर्भर अर्थतन्त्रको विकासको लक्ष्य नेपाल सरकारको १५ औ आवधिक योजना स्थानीय सरकारको गुरुयोजना तथा राजनैतिक लक्ष्यहरु, नीति तथा कार्यक्रम दिगो विकासका लक्ष्यहरु, राष्ट्रिय अन्तराष्ट्रिय प्रतिबद्धता, विनियोजन विधेयक २०८० र गाउँ सभाका सदस्यहरुबाट प्राप्त अमुल्य सुझावहरु तथा जनता माझ गरेका घोषणापत्रलाई प्रमुख मार्ग दर्शनको रुपमा लिएको छु। साथै राजनैतिक दल, बौद्धिक वर्ग, गाउँवासी, नीजि क्षेत्र र सरोकारवालाहरुको प्राप्त सुझाबहरुलाई समेत ग्रहण गरेको छु।

स्थानीय सरकारको प्रभावकारीता आम गाउँवासीहरुको भरोसा जित्न सफल स्थानीय सरकारको रुपमा थप विश्वास दिलाउने आर्थिक बर्ष २०८०/०८१ को बजेट निर्देशित रहने व्यहोरा सम्मानित यस सभा समक्ष जानकारी गराउदछु।

सभाका सभाअध्यक्ष महोदय,

स्थानीय सरकारको चालु आर्थिक वर्षको समिक्षा राख्न चाहान्छुः

चालु आवको प्रारम्भिक बजेट रु ४६ करोड ६५ लाख ३६ हजार ५७ रुपैया रहेको थियो  हाल सम्म वित्तीय प्रगती हेर्दा चालु तर्फ...................प्रतिशत र पुँजीगत तर्फ................प्रतिशत रहेको छ।

आन्तरिक राजश्व तर्फ रु....................लक्ष्य रहेकोमा हाल सम्म रु....................संकलन भएको छ। यो आव आन्तरिक पुर्वनिर्धारित राजश्व संकलन लक्ष्य पुरा गर्ने आशा लिएको छु।

नेपाल सरकारबाट प्राप्त हुने समानिकरण, समपुरक र विषेश अनुदा गरी रु......................प्राप्त भएको छ। राजश्व बाँडफाँडबाट जम्मा ........................रुपैया प्राप्त भएको छ।

स्थानीय सरकारबाट संचालित पुर्वाधार योजना मध्ये प्रदेश सरकार सँगको साझेदारीमा संचालित ............., ....................................निर्माण सम्पन्न अवस्थामा छ।....................को आयोजना निर्माण सम्पन्न भएको छ। चालु आवमा संचालित सम्पुर्ण आयोजना तथा क्रियाकलाप शिघ्र रुपमा सम्पन्न गर्न स्थानीय सरकार प्रयत्नशिल रहेको व्यहोरा जानकारी गराउदछु।

सम्मानित सभाका सभाध्यक्ष महोदय,

आ.व आगामी आ.व.२०८०/०८१ को बजेटको उदेश्य र प्राथमिकता प्रस्तु गर्न अनुमति चाहन्छु ,

बजेटका उदेश्यहरुः

१. कृषीक्षेत्रको विकास र व्यवसायीकरण, उत्पादन उत्पादकत्व वृद्धी गर्ने।
२. शिक्षा र स्वास्थ्य क्षेत्रको गुणात्मक सुधार गर्न मानव पुँजीको निर्माण गर्ने।
३. उद्यमशिलता शिप विकास मार्फत स्वरोजगारी सृजना गरी गरिबी निवारण गर्ने।
४. समन्यायीक र सन्तुलित पूर्वाधार विकास गर्दै दिगो विकासलाई आत्मसाथ गर्ने।

बजेटका प्राथमिकताहरुः

१. कृषी क्षेत्रको उत्पादन वृद्धि र उचित वजारीकरण,
२. सडक सिंचाई र अन्य भौतिक पुर्वाधार,
३. गुणस्तरीय शिक्षा र स्वास्थ्य सेवा,
४. शिप विकास क्षमता अभिवृद्धि र उद्यमशिलता स्वरोजगार।

सभाध्यक्ष महोदय,

आगामी आर्थिक वर्ष २०८० / ०८१ मा यस गाउँपालिकालाई कुल रु. ४३ करोड १४ लाख २० हजार १ सय ४९ आम्दानी हुने प्रक्षेपण गरेको छु जुन चालु आर्थिक वर्ष २०७९ / ०८० को कुल बजेट भन्दा रु. १ करोड ३३ लाख ९० हजार ले **कम** रहेको छ।

प्रक्षेपण गरिएको उल्लेखित कुल आम्दानीलाई चालु तर्फ रु. **३१ करोड ५२ लाख ९८ हजार १ सय ४९** (७३.०८ प्रतिशत) र पूँजीगत तर्फ रु. **११ करोड ६१ लाख २२ हजार** (२६.९२ प्रतिशत) बजेट विनियोजन गरेको छु।

अब म आगामी आर्थिक वर्ष २०८० / ०८१ मा विभिन्न शिर्षक तथा स्रोतबाट गाउँपालिकालाई प्राप्त हुने प्रक्षेपित आयको विवरण प्रस्तुत गर्न चाहन्छु-

आ.व. २०८०/०८१ को आम्दानीका स्रोतहरुको संक्षिप्त विवरण पेश गर्ने अनुमति चाहान्छु।

| क्र.सं. | आ.व. २०८०-०८१ को स्रोत अनुमाण | रकम रु. |
|---|---|---|
| क. | **संघीय सरकार** | |
| १ | वित्तीय समानिकरण अनुदान | ८३३००००० |
| २ | शशर्त अनुदान | १९८५००००० |
| ३ | समपुरक अनुदान | ५०००००० |
| ४ | विषेश अनुदान | १७००००००० |
| ५ | राजश्व बाँडफाड | ८५३४४३०० |
| ख. | **प्रदेश सरकार** | |
| १ | समानिकरण अनुदान | ५७१२००० |
| २ | शशर्त अनुदान | १०१५०००० |
| ३ | समपुरक अनुदान | १०००००००० |
| ४ | राजश्व बाँडफाँड | ३४७३८४९ |
| ग. | **बैंक मौज्दात** | १०००००००० |
| घ. | **आन्तरिक राजश्व** | २९४०००० |

**कुल जम्मा रकम** **४३ करोड १४ लाख २० हजार १ सय ४९**

**क. आन्तरिक आम्दानी तर्फ:**

आगामी आ.व. २०८०/०८१ मा गंगादेव गाउँपालिकालाई एकमुष्ठ रु. २९ लाख ४० हजार आन्तरिक राजश्व प्राप्त हुने प्रक्षेपण गरेको छु। यसको लागि करका दायराहरुलाई फराकिलो बनाई आम्दानी बढाउने व्यवस्था गरेको छु।

**ख. नगद मौज्दात रकम तर्फः**

चालु आर्थिक वर्ष २०७९ / ०८० मा चालु तथा पुँजीगत तर्फका विभिन्न शिर्षकमा खर्च हुन नसकी गाउँपालिकाको स्थानीय सञ्चित कोषमा रु. १ करोड रकम नगद मौज्दात रहने प्रक्षेपण गरेको छु।

**ग. वित्तीय समानीकरण अनुदान तर्फ**

वित्तीय समानीकरण अनुदान तर्फ संघीय सरकारबाट रु. ८ करोड ३३ लाख र प्रदेश सरकारबाट रु. ५७ लाख ११ हजार रकमको सिलिङ प्राप्त भएको छ। उक्त रकमबाट विभिन्न विषयगत क्षेत्र आर्थिक विकास, सामाजिक विकास, पूर्वाधार विकास, वातावरण तथा विपद् व्यवस्थापन र सुशासन तथा संस्थागत विकास तर्फ टोलबस्ती स्तरबाट माग गरिएका तथा विषयगत शाखाहरुबाट पेश गरिएका प्राथमिकता अनुसार प्राप्त योजना तथा कार्यक्रमहरु सञ्चालन हुनेछन्।

**घ. सशर्त अनुदान तर्फः**

संघीय सरकारबाट प्राप्त हुने सशर्त अनुदानको चालु तर्फ रु. १७ करोड २५ लाख तथा पूँजीगत तर्फ रु. २ करोड ६० लाख रकमको सिलिङ प्राप्त भएको छ। यस अन्तर्गत शिक्षा, स्वास्थ्य, प्रधानमन्त्री रोजगार कार्यक्रम, बहुक्षेत्रीय पोषण कार्यक्रम, लघु उद्यम विकास, कृषि तथा पशु विकास लगायतका विषयगत उप-क्षेत्र तर्फ तोकिएका कार्यक्रमहरु सञ्चालन हुनेछन्। साथै प्रदेशसरको सशर्त अनुदान चालु तर्फ रु. २१ लाख ५० हजार रकम र पूँजीगत तर्फ रु.८० लाख रकमको सिलिङ प्राप्त भएको छ। उक्त बजेटबाट समेत तोकिएको क्षेत्रका विभिन्न आयोजना तथा कार्यक्रमहरु सञ्चालन हुनेछन्।

**ङ. विशेष अनुदान तर्फः**

संघीय सरकारबाट प्राप्त हुने विषेश अनुदान चालु तर्फ रु. ९० लाख पुँजीगत ८० लाख गरि १ करोड ७० लाख रकमको सिलिङ प्राप्त भएको छ। जसबाट गंगादेव गाउँपालिकामा समुदायमा आधारित मातृ नवशिशु तथा बाल स्वास्थ्य हेरचाह तथा व्यवस्थापन सवलीकरण परियोजना र गंगादेव गाउँपालिकाको शैक्षिक गुणस्तर सुधारका लागि प्रवधि मैत्री भौतिक पूर्वाधार निर्माण र सरोकारवालहरुको क्षमता अभिवृद्धि परियोजना अन्तर्गतका क्रियाकलापहरुमा खर्च गरिनेछ।

**च. समपूरक अनुदान तर्फः**

संघीय सरकारबाट प्राप्त हुने सशर्त अनुदान तर्फ रु. ५० लाख रकमको सिलिङ प्राप्त भएको छ। जसबाट गंगादेव गाउँपालिकाको गौरवको आयोजनाको रुपमा रहेको जंगले जलेखर्क हुँदै घोरनेटी बडामेला जोड्ने

मोटर कार्य सञ्चालन हुनेछ। साथै प्रदेश समपूरक अनुदान तर्फ रु. १ करोड रुपैया रकम सिलिङ प्राप्त भएको छ। जसबाट गंगादेव गाउँपालिकाको गौरवको आयोजनाको रुपमा रहेका हिले तिमिले जायचौर जायखोला फुलबास लोदचौर,लोदचौर फुलबास छेरा डलसिंगे,बखुर हिलेचौर मंग्रा मुलाभिर स्वस्थ्यचौकी सहिदपार्क पारेचौर हुँदै चैतेकाफल र छेरा खर्कडारा ताप्ला गोर्जले हुँदै दोबाइ डलसिंगे जोड्ने मोटर बाटोहरुको निर्माण तथा स्तर उन्नती गरिने छ।

### छ. राजश्व बाँडफाँडः

संघीय सरकारबाट प्राप्त हुने राजश्व बाँडफाँड तर्फः रु ८ करोड ५३ लाख ४४ हजार ३ सय र प्रदेश राजश्व बाँडफाड तर्फः रु.३४ लाख ७३ हजार ८ सय ४९ रुपैंयाको बजेट सिलिङ प्राप्त भएको छ। जसबाट कार्यालयको प्रशासनिक तथा कार्यालय व्यवस्थापन, विविध कार्यक्रम लगाएत अन्य चालु खर्च शिर्षकमा खर्च गरिनेछ।

### ज. सामाजिक सुरक्षाः

संघीय सरकारबाट प्राप्त हुने चौमासिक रुपमा एकमुष्ठ १४ करोड जति अनुमाण गरेको छु जसबाट जेष्ठ नागरिक, दलित जेष्ठ, जेष्ठ एकल महिला, विधवा आर्थिक सहायता, क,ख वर्गका अपाङ्ग, दलित तथा अन्य ५ वर्ष मुनिका बालबालिका लाभान्वित हुनेगरी प्रत्येक तिन तिन महिनामा नै खर्च गरिनेछ।

### विनियोजनः

आ.व. २०८० / ०८१ को लागि प्रक्षेपण गरिएको कुल आम्दानी मध्ये वित्तीय समानीकरण, राजस्व बांडफांड तथा आन्तरिक आम्दानी शिर्षकबाट प्राप्त हुने रकमलाई चालु तथा पूंजीगत तर्फ विनियोजन गर्न कुल बजेट रु १९ करोड ९ लाख ७० हजार १४९ छुट्याएको छु। उक्त बजेट तथा कार्यक्रमले निम्न बमोजिमका मुलभूत विषयहरुलाई समेटेको व्यहोरा गरिमामय सभा समक्ष सादर अनुरोध गर्न चाहन्छु-

### क. प्रशासनिक खर्च तथा कार्यालय व्यवस्थापन तर्फ:

गाउँ कार्यपालिकाको कार्यालय तथा वडा कार्यालय तर्फको चालु खर्चमा व्यापक कटौती गर्दै आगामी आर्थिक वर्ष २०८०/०८१ को लागि चालु शिर्षक अन्तर्गत प्रशासनिक खर्च तथा कार्यालय व्यवस्थापन तर्फ जम्मा रु ८ करोड ८८ लाख १८ हजार १ सय ४९ बजेट विनियोजन गरेको छ।

### ख. क्षेत्रगत विकास तर्फ:

त्यसैगरी विषयगत क्षेत्रतर्फ जम्मा रु ३२ करोड ६६ लाख ७२ हजार बजेट विनियोजन गरेको छु। साथै प्रधानमन्त्रि स्वरोजगार कार्यक्रम अन्तर्गतको रकम रु ४९ लाख रुपैयालाई म्याचिङ गरेर दुबै तर्फ एकिकृत योजना निर्माण गरी कार्यन्वयन गर्ने व्यवस्था मिलाएको छु। जसको विस्तृत विवरण तपसिल अनुसार रहेको छ-

| क्र.सं | विषयगत क्षेत्र | विनियोजन गरिएको रकम | विनियोजन | प्रतिशत |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | १ करोड १७ लाख ५० हजार | | |

| | | | | |
|---|---|---|---|---|
| २ | सामाजिक विकास | २० करोड ४६ लाख २५ हजार | | |
| ३ | पूर्वाधार विकास | ९ करोड ८९ लाख ३२ हजार | | |
| ४ | वातावरण तथा विपद् व्यवस्थापन | १६ लाख ६५ हजार | | |
| ५ | संस्थागत विकास, सेवा प्रवाह र सुशासन | ९७ लाख | | |
| ६ | कार्यालय सञ्चालन | ८ करोड ८८ लाख १८ हजार १४९ | | |
| | जम्मा | ४१ करोड ५४ लाख ९० हजार | | |

**१. आर्थिक विकास तर्फः विनियोजित बजेट (रु. १ करोड १७ लाख ५० हजार)**

गंगादेव गाउँपालिकाको समग्र आर्थिक विकास गर्न उत्पादनमा आधारित अनुदान, कृषि तथा पशुपंक्षीपालन व्यवसायको आधुनिकीकरण गर्न उपकरण अनुदान, सामाग्री खरिद, पकेट कार्यक्रम, कृषि विकास तर्फ संघ र प्रदेशको कार्यक्रम ९ २ लाख ५० हजार र गापा बाट एकमुष्ठ रु. ४० लाख विनियोजन गरेको छु।

भेटेरीनरी औषधी तथा भेटेरीनरी सामाग्री खरिद, खोप कार्यक्रम आकास्मिक तथा महामारी रोग नियन्त्रण शिविर सञ्चालन खोप लगायतका कार्य गर्न पशु सेवा तर्फ संघीय सरकारको रु. २ लाख र गापा बाट १० लाख विनियोजन गरेको छु ।

यसले स्थानीय स्तरमा उल्लेख्य रोजगारी सिर्जना हुने अपेक्षा लिएको छु।

**२. सामाजिक विकास तर्फः विनियोजित बजेट (रु. २० करोड ४६ लाख २५ हजार)**

शिक्षा तर्फ गंगादेव गाउँपालिकाको गापा अनुदान शिक्षकको तलब व्यवस्थापन प्राविधिक शिक्षा अध्ययन छात्रवृत्ति कार्यक्रम, बालविकास शिक्षक, विद्यालय कर्मचारी तथा विद्यालय सहयोगीहरुको तलबभत्ता म्याचिङ, तथा गाउँपालिकाको समग्र शिक्षा, युवा तथा खेलकुद क्षेत्रको सुधार र स्तरोन्नतीका कार्यक्रमहरु सञ्चालन गर्न संघीय सरकारको रु. १३ करोड ४० हजार र गाउँपालिकाबाट रु. ३ करोड २२ लाख ५० हजार विनियोजन गरेको छु।

स्वास्थ्य तर्फ स्वस्थ्य कर्मिहरुको क्षमता अभिवृद्धि तालिम , सुत्केरी पोषण कार्यक्रम, स्वास्थ्य सामाग्री खरिद, विभिन्न प्रकारका औषधी नागरिक आरोग्य केन्द्रको लागि औषधी खरिद लगाएतका अन्य कार्य गर्न संघीय सरकारको रकम रु. २ करोड ७९ लाख र गाउँपालकाबाट रु. २० लाख , खानेपानी तथा सरसफाई तर्फ प्रदेश सरकारको ३७ लाखा र गाउँपालिकाबाट रु. ६ लाख ९५ हजार विनियोजन गरेको छु।

लैंगिक समानता तथा सामाजिक समावेशीकरण अन्तर्गत महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति तथा अन्य लक्षित वर्गको लागि उत्थानशिल तथा बहुक्षेत्रीय पोषण कार्यक्रम सञ्चालनका लागि एकमुष्ठ रु. १८ लाख विनियोजन गरेको छु

**३. पूर्वाधार तर्फः विनियोजित बजेट (रु. ९ करोड ८९ लाख ३२ हजार)**

कुनैपनि ठाउँको समग्र विकासको मेरुदण्ड भनेको पूर्वाधार विकास नै हो । पूर्वाधारको विकास नभई गाउँपालिकाको विकास हुँदैन भन्ने मान्यता अनुरुप पूर्वाधारको विकासको लागि बढी जोड दिइएको छ । जस अन्तर्गत गौरवको आयोजनाको रुपमा रहेका सडक पूर्वाधारमा संघ तथा प्रदेश सरकारसँग म्याचिङ गर्न गाउँपालिकाबाट रु. १ करोड ५० लाख विनियोजन गरेको छु । साथै सोही बराबरको रकम संघ तथा प्रदेशबाट समेत प्राप्त हुने जानकारी गराउँदछु ।

स्थानीय सडक निर्माण तथा मर्मत, पुल र सिंचाई लगायतका पूर्वाधार तर्फ रु. ५ करोड ४ लाख ४० हजार विनियोजन गरेको छु । त्यसैगरी भवन तथा सहरी विकास तर्फ रु. ४ करोड ६७ लाख २ हजार  विनियोजन गरेको छु । जस अन्तर्गत गाउँपालिकाको प्रशासिकय भवन मुख्य प्राथमिकतामा राखि वडा कार्यालय, विभिन्न शैक्षिक संस्थाका भवन अप्पताल लगाएत र अन्य क्षेत्रमा आबश्यकता अनुसार भवन निर्माण गरिने छ ।

**४. वातावरण तथा विपद् व्यवस्थापन तर्फ: विनियोजित बजेट (रु. १६ लाख ६५ हजार)**

विभिन्न समयमा हुने प्रकोप तथा विपद् जन्य घटनाबाट हुने क्षती न्यूनीकरण र राहत तथा उद्धार गर्नको लागि एकमुष्ठ रुपमा गाउँपालिका विपद व्यवस्थापन कोषमा रु १२ लाख जल उत्पन्न प्रकोप नियन्त्रण फोहोर मैला तथा ढल व्यवस्थापन गर्न ६ लाख ६५ हजार विनियोजन गरको छु ।

**५. सेवा प्रवाह, सुशासन, संस्थागत विकास तर्फः विनियोजित बजेट (रु. ९ लाख ७० हजार )**

गंगादेव  गाउँपालिकाले प्रवाह गर्ने सार्वजनिक सेवालाई पारदर्शी, प्रभावकारी, सेवाग्राहीमैत्री बनाई सुशासन प्रवर्द्धन गर्न  पञ्जिकरण व्यवस्थापन गर्न रु ९ लाख, सुचना तथा प्रविधिमा रु २ लाख र आवश्यक केहि रकम विनियोजन गरेको छु ।  त्यसैगरी गाउँपालिकाको न्यायिक समितिको सुदृढिकरण तथा न्याय सम्पादन कार्यलाई प्रभावकारी र गतिशिल बनाउन एकमुष्ठ रु. ५ लाख विनियोजन गरेको छु । सार्वजनिक सेवा प्रवाहका नयाँ आयामहरुको अनुसन्धान तथा विकास तथा सूचना प्रविधि तर्फ रु. २ लाख र जनप्रतिनिधि तथा कर्मचारीको क्षमता विकास तर्फ केहि बजेट विनियोजन गरेको छु ।

**६. वडागत बजेट सिलिङ तर्फ:**

सहभागितामूलक योजना तर्जुमा कार्यलाई प्रभावकारी बनाउन उल्लेखित क्षेत्रहरुमा रहने गरी आर्थिक विकास, सामाजिक विकास, पुर्वाधार विकास, विपद व्यवस्थापन संस्थागत विकास सेवा प्रवाह  र सुशासन कायम गर्न प्रधानमन्त्रि रोजगार कार्यक्रम समेत गरी  गंगादेव गाउँपालिकाका सातवटै बडाहरुका लागि एकमुष्ट रु. २ करोड १२ लाख ८० हजार विनियोजन गरेको छु ।

यस हिसाबले गंगादेव  गाउँपालिकाको लागि आगामी आर्थिक वर्ष २०८० / ०८१ को लागि कुल बजेट रु. ४३ करोड १४ लाख २० हजार १ सय ४९ रहेको व्यहोरा सहर्ष जानकारी गराउँदछु ।

गाउँसभाका अध्यक्षज्यू

तथा गाउँसभाका सम्पूर्ण सदस्यज्यूहरु,

माथि विनियोजित बजेट अन्तरगत बस्ती, वडा तथा विषयगत समितिबाट परिष्कृत तथा एकीकृत हुँदै प्राथमिकतामा परेका योजना तथा कार्यक्रमहरुलाई यहाँहरु सबैको रचनात्मक सुझावलाई समेत लिई डिजाईन इस्टिमेट, विस्तृत परियोजना प्रतिवेदनका आधारमा कार्यपालिकाको पूर्ण बैठकबाट आवश्यक निर्णय गरी पारदर्शी ढंगले सबै वडाका टोलबस्तीमा सन्तुलित रुपमा कार्यान्वयन गर्ने व्यवस्था गर्नेछु।

अन्त्यमा, यस सम्मानित गाउँ सभाको बैठकमा प्रस्तावित बजेट, योजना तथा कार्यक्रम तर्जुमा गर्ने क्रममा अमुल्य सल्लाह सूझाव प्रकट गर्नुहुने रचनात्मक सुझाव प्रदान गरी सहयोग गर्नुहुने गाउँ पालिका अध्यक्ष,सम्पूर्ण विषयगत समितिका संयोजक तथा सदस्यज्यूहरु, स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिका संयोजक तथा सदस्यज्यूहरु, कार्यपालिकाका सदस्यज्यूहरु, वडा समितिका सदस्यज्यूहरु, गाउँपालिका स्तरमा क्रियाशील राजनितिक दल, निजि क्षेत्र, उद्योग व्यवासायी, विकास साझेदार, विषयगत शाखा तथा इकाईका राष्ट्रसेवक कर्मचारीहरु, बौद्धिक वर्ग, सञ्चार जगत तथा सम्पूर्ण गंगादेव बासीहरु प्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछु। कार्यक्रमको सफल कार्यान्वयनमा स्थानीय जन समुदायको ठूलो भूमिका हुने भएकाले स्थानीय समुदायले अपनत्व ग्रहण गरी यसको कार्यान्वयनमा सहयोग पुऱ्याउने अपेक्षा गरेको छु। प्रस्तावित कार्यक्रमहरु गाउँपालिकाको समृद्धिको दीर्घकालिन लक्ष्य हाँसिल गर्न कोषेढुङ्गा सावित हुने साथै गाउँपालिकाले प्रदान गर्ने सेवा प्रवाहमा परिमाणात्मक तथा गुणात्मक सुधार आई जनतालाई स्थानीय सरकारको सुखानुभूति दिन सहयोग पुग्ने विश्वास लिएको छु।

आगामी आर्थिक वर्ष २०८० / ०८१ को बजेट, योजना तथा कार्यक्रमलाई प्राथमिकरण गरि कार्यान्वयन योग्य क्षेत्रमा विनियोजन गरेको छु। कार्यान्वयनमा सम्पूर्ण जनप्रतिनिधि, राष्ट्रसेवक कर्मचारी, राजनैतिक दल, नागरिक समाज, गैरसरकारी संघसंस्था, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विकास साझेदार संस्थाहरु लगायत सम्पूर्ण गंगादेव बासीबाट रचनात्मक सहयोग र सहकार्य को अपेक्षा राखेको छु।

विस्तृत विवरण चाँडै बजेट पुस्तिकामा प्रकाशित गर्ने व्यहोरा समेत सादर अनुरोध गर्दछु।

**धन्यवाद।**